# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
# Deprosc Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

CRO Reg. No. 767/057/58 PAN No.: 301235073


च.नं.: २८५/०७९/०८०

मितिः २०८०/२/१९

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाण्डौ ।

**विषयः जानकारी सम्बन्धमा ।**

महोदय,

मिति २०७९ फागुन ३० गते सम्पन्न भएको यस डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको एक्काईसौं र आदर्श लघुवित्त वित्तीय्र संस्था लिमिटेडको पाँचौं वार्षिक साधारण सभाबाट पारित भएको बिशेष प्रस्ताव बमोजिम चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १० भरतपुरमा रजिष्टर्ड कार्यालय रहेको **डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड**ले काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. ७ बनेपामा रजिष्टर्ड कार्यालय रहेको **आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेड**लाई गाभ्ने/प्राप्ति (एक्विजिशन) गर्नको लागि कम्पनी रजिष्ट्रारको कार्यालयको पत्र संख्याः ७९/८० चलानी नम्बर ८६३६३ मिति २०८० जेष्ठ १९ गतेको पत्रबाट स्वीकृति प्रदान गरेको ब्यहोरा जानकारी गराउँदै उक्त पत्र यसैसाथ संलग्न गरी त्यस कार्यालयको जानकारीको लागि पठाईएको ब्यहोरा अनुरोध छ ।

भवदीय,

२०८०।२।१९

(शेषरमण आचार्य)
प्रमुख कार्यकारी अधिकृत

Deprosc Laghubitta Bittiya Sanstha Limited
2057 B.S.
Head Office


**Central Office :**
Bharatpur, Chitawan
Tel: 056-517900

**Corporate Office :**
RK Complex
Sitapaila, Kathmandu
Tel: 01-5388650

E-mail: info@ddbank.org.np, Website: www.ddbank.org.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ............................. शाखा)
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७९/८०

चलानी नम्बर :- ८६३६३

मिति : २०८०-०२-१९

विषय :- कम्पनी गाभ्ने स्वीकृति बारे ।

**डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड (लि. नं. ७६७)**

भरतपुर महानगरपालिका-१०,चितवन,बागमती

गाभ्ने र गाभिने कम्पनीहरुको मिति २०८०/०२/११ गते सम्पन्न संचालक समितिको निर्णयद्वारा पारित प्रस्ताव बमोजिम डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड लि.नं. ७६७ मा आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेड लि.नं. १८९९७१ लाई प्राप्ति (गाभ्ने) निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति र दायित्व हालको कम्पनीले व्यहोर्ने सकार्ने गरी आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेड लि.नं. १८९९७१ लाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड लि.नं. ७६७ मा गाभ्न मिति २०८०/०२/१८ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको व्यहोरा जानकारी गराइन्छ ।

साथै कम्पनीले देहाय बमोजिम शर्तहरु पालना गर्नुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

१. गाभिएपछि कम्पनीको पूँजी संरचना मिलाई पेश गर्ने।

२. कम्पनी गाभिए पछि कम्पनीको नियमावली बमोजिम कायम हुने सञ्चालक लगत पेश गर्ने ।

३. गाभिने कम्पनीको जारी शेयर प्रमाण पत्र गाभ्ने कम्पनीमा रुपान्तरण गर्ने र सो को जानकारी दिने ।

४. कम्पनी गाभिएको सार्वजनिक सूचना राष्ट्रियस्तरको (क) वर्गको दैनिक पत्रिकामा प्रकाशन गरी सोको जानकारी ३० दिन भित्र यस कार्यालयलाई दिने ।

५. गाभिएपछि गाभिने कम्पनीको ऋण धन दायित्व सम्पूर्ण गाभ्ने कम्पनीले व्यहोर्ने छ ।

६.नेपाल राष्ट्र बैंकको प.सं. बैं.वि.नि.वि./मर्जर/६३/०७९/०८० मिति २०८०।०२।०३ को अन्तिम स्वीकृति प्रदान गरिएको पत्रमा उल्लेखित शर्त प्रक्रिया पूरा गरी सो बारे जानकारी दिने।

(अर्जुन खड्का)
सहायक रजिष्ट्रार

**बोधार्थ**

श्री नेपाल राष्ट्र बैंक, काठमाण्डौ।

श्री नेपाल धितोपत्र वोर्ड, ललितपुर ।

श्री नेपाल स्टक एक्स्चेन्ज लि. काठमाण्डौ।

श्री सिडिएसी एण्ड क्लियरिङ्ग लि. काठमाण्डौ।

श्री ठूला करदाता कार्यालय, ललितपुर।

श्री आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेड लि.नं. १८९९७१ ।